# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)


**पत्र संख्या :**

**चलानी नं. :**

## प्रेश विज्ञप्ति

आज मिति २०७७ मंसिर ४ गते बिहीबार ५६ हजार ३ सय ४१ कारोबारमा ६ अर्ब ११ करोड ६७ लाख ३० हजार रुपैयाँ बराबरका १ करोड ४० लाख ६२ हजार ५ सय ७ कित्ता सेयर किनबेच भएका छन् । यो कारोबार रकम तथा कारोबार संख्याका आधारमा धितोपत्रको दोस्रो बजार कारोबारमा कायम भएको नयाँ कीर्तिमान हो ।

यस अघि २०७६ फागुन ११ मा ४ अर्ब ८४ करोड ७४ लाख रुपैयाँ बराबरको कारोबार भएको थियो । नेपाल स्टक एक्सचेन्ज लिमिटेडले दोस्रो बजार कारोबार सेवालाई सहज, सुरक्षित, विश्वसनीय तथा पारदर्शी बनाउन Fully Automated Online Trading System स्थापना गरेपछि कारोबारको आकार क्रमिक रुपमा सुधारोन्मुख छ ।

कोभिड १९ महामारीको वर्तमान विषम परिस्थितिमा पनि नेप्सेले उपलब्ध गराएको आधुनिक प्रविधिमार्फत लगानीकर्ताले घरबाटै सहज तथा सुरक्षित तबरले सेयरको कारोबार, रकम भुक्तानी तथा सेयर हस्तान्तरण गर्न सक्ने भएकाले कारोबार रकम लगायत सेयर बजारका अन्य परिसूचकहरुमा सकारात्मक प्रभाव परेको देखिन्छ । हालसम्म अनलाइनमार्फत कारोबार गर्नका लागि १ लाख ७५ हजारभन्दा बढी लगानीकर्ताले युजरनेम र पासवर्ड लिएका छन् ।

आजको कारोबारमा ३० हजार लगानीकर्ता सहभागी थिए । यस दिन भएको कारोबारमध्ये ८६.२४ प्रतिशत कारोबार अनलाइनमार्फत भएको हो ।

प्रविधिको उपलब्धता, लगानीकर्ताको उत्साह, नेपाल सरकार अर्थ मन्त्रालय तथा नेपाल धितोपत्र बोर्डको मागनिर्देशन तथा अन्य सरोकारवालाहरुको शुभेच्छाले उच्च रकमको कारोबार सम्भव भएको हो । आगामी दिनहरुमा पनि सम्पूर्ण सरोकारवालाहरु बाट यस्तै किसिमको सहयोग प्राप्त हुने अपेक्षा नेप्सेले गरेको छ ।

मिति : २०७७/०८/०४

मुराहरि पराजुली
प्रवक्ता


**पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।**

**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**

**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**

**email : info@nepalstock.com**